# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, फागुन २२ गते २०५७ साल (संख्या ४६

## भाग ३

श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको

#### सूचना १

श्री ५ को सरकारले प्रशासकीय अदालत नियमावली, २०५१ को नियम ३ को उप नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी प्रशासकीय अदालतको सदस्य पदमा न्यायपरिषद् सचिवालयका पूर्व सचिव श्री श्यामकृष्ण कसजू लाई नियुक्ति गरेको छ।

#### सूचना २

खण्ड ४९, अतिरिक्ताङ्क १८, मिति २०५६ साल साउन १४ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना अनुसार राष्ट्रिय सभा सदस्यको निर्वाचन सम्बन्धी मुद्दामा कारवाही र किनारा गर्न गठित निर्वाचन अदालत दिपायल, डोटीको म्याद समाप्त भई नेपाल राजपत्र खण्ड ५०, अतिरिक्ताङ्क १९ (क+१), भाग ३, मिति २०५७ साल साउन १० गते प्रकाशित यस मन्त्रालयको सूचना अनुसार म्याद समाप्त भएको मितिले तीन महिनासम्मको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लागि र नेपाल राजपत्र खण्ड ५०, अतिरिक्ताङ्क ३९ (क), भाग ३, मिति २०५७ साल कार्तिक १० गते प्रकाशित यस मन्त्रालयको सूचना अनुसार सो म्याद समाप्त भएको मितिले पुनः तीन महिनासम्मको लागि म्याद थप भएकोमा सो म्याद समाप्त भएको मितिले पुनः तीन महिनासम्मको लागि म्याद थप गर्ने श्री ५ को सरकारले निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
उदय नेपाली श्रेष्ठ
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

श्री ५ को सरकारको २०५७ साल माघ २ गतेको निर्णयानुसार देहायका सचिवहरूलाई देहायअनुसार सरुवा गरिएको छः–

| क्र.सं. | नाम, थर | पद र साविक मन्त्रलाय । सचिवायल | पद र सरुवा गरिएको मन्त्रालय । सचिवालय |
|---|---|---|---|
| १. | श्री केशवराज राजभण्डारी | सचिव, मन्त्रिपरिषद् सचिवालय | सचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय |
| २. | श्री योद्धा शाह | सचिव, भूमि सुधार तथा व्यवस्था मन्त्रालय | सचिव, मत्रिपरिषद् सचिवालय । |

आज्ञाले,
योद्धा शाह
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार
३८६

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।